साप्ताहिक पत्रिका
हलेसी खबर

# लागूऔषध . . . .

पक्राउ परेका दुवैजना विरुद्ध लागूऔषध बेचबिखन तथा कारोबार महल अन्तरगत जिल्ला अदालत खोटाङमा बुधबार मुद्दा दर्ता गरेर अनुसन्धान शुरु गरिएको जिल्ला प्रहरी कार्यालय खोटाङका प्रमुख प्रहरी नायब उपरीक्षक उमेश लम्सालले जानकारी दिनुभयो । बत्तीस किलो ४८५ ग्राम लागूऔषध गाँजासहित पक्राउ परेका उनीहरु दुवैजनालाई थप अनुसन्धानका लागि जिल्ला अदालतबाट सात दिनको म्याद थप गरेर जिल्ला प्रहरी कार्यालयको हिरासतमा राखिएको छ।

गत भदौ-५ गते १५ केजी गाजाँसहित सोही नगरपालिकाको वडा नं.-७ महादेविस्थानस्थित कात्तिकेका ५७ वर्षीय मगम राईलाई प्रहरीले उनको घरैबाट पक्राउ गरेको थियो । राईले प्रतिबन्धित लागूऔषध गाँजा बिक्री गर्न घरमा लुकाएर राखेको स्थानीय बासिन्दाले दिएको जानकारीको आधारमा ईलाका प्रहरी कार्यालय हलेसीबाट खटिएको प्रहरी टोलीले उनलाई गाँजासहित पक्राउ गरेर मुद्दा चलाएको छ।

यतिसम्म कि लागूऔषध उत्पादन गर्ने उद्योग नै सञ्चालन गर्दै आएका सोही नगरपालिकाको वडा नं.-१ बाहुनीडाँडाका दुई युवकलाई प्रहरीले गत असोज-२८ गते उद्योगबाटै पक्राउ गरेको थियो । गाँजा, सुर्ती र चुना प्रयोग गरेर लागूऔषध उत्पादन गर्दै आएका बाहुनीडाँडास्थित बयाक्ताका २१ वर्षीय सुवास राई र २३ वर्षीय अविन नेपालीलाई उद्योगबाटै पक्राउ गरेर मुद्दा चलाएको थियो।

पक्राउ परेका राई र नेपालीको उद्योगबाट सात केजी गाँजा, १५ बोरा प्याकिङ गरिएको भाले ब्राण्डको सुर्ती, दुई बोरा खुला सुर्ती, दुई बोरा चुना, एक बोरा लागु औषध प्याकिङ गर्ने प्लाष्टिक, एक थान लागु औषध बनाउने मेसिन, दुई बोरा लागु औषध प्याकिङ गरिएको प्याकेटमा टालिने स्टिकर, दुई थान फलामे दाउ र एक थान अचानो बरामद गरेको थियो । पक्राउ परेका उनीहरु दुवैजना विरुद्ध प्रहरीले मुद्दा चलाउनुका साथै उनीहरुको उद्योगबाट बरामद गरेको कच्चा पदार्थ नष्ट गरेको थियो ।

यस्तै गत चैत-४ गते सोही नगरपालिकाको वडा नं.-७ राटमाटेका केवी भनिने कुलबहादुर राईको घरबाट प्रहरीले २० केजी गाँजा बरामद गरेको थियो । प्रहरीले दिएको जानकारी अनुसार गाँजा कारोबारमा संलग्न रहेका राई हाल फरार रहेका र उनीविरुद्ध अदालतमा मुद्दा दर्ता गरेर उनको खोजी कार्य जारी रहेको जनाइएको छ।

हलेसी क्षेत्रका स्थानीय बासिन्दाले अवैध रुपमा गर्दै आएका अवैध गाँजा खेती नष्ट गर्न तथा बिक्री वितरणमा रोक लगाउन जिल्ला प्रहरी कार्यालय खोटाङले अभियान नै सञ्चालन गर्दै आएको छ । बिगत वर्षहरुदेखि नै सञ्चालन गर्दै आएको अभियान अन्तरगत ईलाका प्रहरी कार्यालय हलेसी र प्रहरी चौकी च्यास्मिटारबाट खटिएको प्रहरी टोलीले यस वर्षमात्रै करोडौं मूल्य पर्ने गाँजा खेती नष्ट गरेको जनाइएको छ।

अवैध रुपमा गाँजा खेती गर्दै आएका पश्चिमी क्षेत्रका स्थानीय बासिन्दाले यसअघि प्रहरीलाई घुस खुवाएर बिक्री वितरण गर्ने गरेको स्रोतले जनाएको छ। समाचार स्रोतका अनुसार यस वर्ष पनि प्रहरीलाई घुस खुवाउन गाँजा खेती गर्ने स्थानीय बासिन्दाले रकम सङ्कलन गरेको बुझिएको छ।

जिल्लाको दक्षिणी क्षेत्रमा पर्ने हलेसी तुवाचुङ नगरपालिकाको अधिकांश भागमा बसोबास गर्ने स्थानीय बासिन्दाले लागूऔषध गाँजाको अवैध रुपमा व्यवसायिक रुपमै खेती गर्दै आएका छन्। सुख्खाग्रस्त क्षेत्रमा पर्ने हलेसी आसपासमा अन्य अन्नबाली उत्पादन नभएपछि स्थानीय बासिन्दाले विकल्पमा बिगत लामो समयदेखि लागूऔषध गाँजाको व्यवसायिक रुपमै खेती गर्दै आएका हुन्।

हलेसी क्षेत्रमा लागूऔषध गाँजा खेती गर्न व्यवसायीले वर्ष दिनअघि नै पेश्की रकम दिने गरेको समाचार स्रोतले जनाएको छ। जिल्लाको पश्चिमी क्षेत्रमा उत्पादन हुने गाँजा छिमेकी जिल्ला उदयपुर हुँदै अन्यत्र निर्यात हुने गरेको छ।

# शिलान्यास . . . .

। आफूले शिलान्यास गरेको योजनाको काम अगाडि बढ्यो या बढेन अहिलेसम्म प्रमुख अतिथि भएर शिलान्यास गर्ने व्यक्तिलाई थाहा छैन ।

ऐसेलुखर्कमा निर्माण गरिने १५ शयूयाको अस्पतालका लागि भर्खर विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार गरेर ठेक्कामात्र आव्हान गर्ने काम भएको गाउँपालिका प्रमुख विश्वनाथ निरौलाले जानकारी दिनुभयो। ऐसेलुखर्कमा निर्माण गरिने अस्पतालका लागि स्वास्थ्य मन्त्रालयले रु १८ करोड बजेट उपलब्ध गराए पनि रु २० करोडको डिपिआर तयार भएको गाउँपालिकाले जनाएको छ।

हलेसी तुवाचुङ नगरपालिकामा निर्माण गरिने अस्पतालका लागि वि.सं. २०७७ असारमा ठेक्का आव्हान गरिए पनि भदौ-२९ गतेमात्र ठेकेदार कम्पनीसँग सम्झौता भएको छ । नगरपालिकाले रु २३ करोडमा ठेक्का आव्हान गरे पनि नमूना हिमालयन जेभी बिराटनगरले भ्याटसहित १३ करोड ५५ लाख नौं हजार १८० मा सम्झौता गरेर निर्माणको काम शुरु गरेको लेखा अधिकृत माधवप्रसाद आचार्यले जानकारी दिनुभएको छ।

केपिलासगढी गाउँपालिकामा निर्माण गरिने १५ शयूयाको अस्पताल विवस कन्ट्रक्शन एण्ड सप्लायर्स प्रा.लि.ले ठेक्का पारेको छ । रु १८ करोड २५ लाखमा ठेक्का आव्हान १५ शयूयाको अस्पतालको लागि रु १२ लाख ५० हजारमा निर्माण कम्पनीसँग ठेक्का सम्झौता प्रमुख प्रशासकीय अधिकृत छविलाल राईले जानकारी दिनुभयो।

केपिलासगढी गाउँपालिकामा पनि घडेरी सम्याउने काममात्र पूरा भएको पाइएको छ। निर्माण कम्पनीले आवश्यक निर्माण सामग्री र कामदारको व्यवस्था गरिसकेकाले निर्माणको कामले गति लिने गाउँपालिकाको अपेक्षा छ।

कुल रु १८ करोड छ लाख ८२ हजारको सिमाभित्र रहेर आगामी दुई वर्षभित्र निर्माण गरिसक्नुपर्ने जन्तेढुङ्गा गाउँपालिका-२ चिसापानीमा निर्माण शुरु गरिएको १५ शयूयाको अस्पतालको ठेक्का ड्रागन-रियर जेभीले लिएको छ। तर, सो निर्माण कम्पनीले अस्पतालको काम सिद्धगढी निर्माण कम्पनीलाई सुम्पिएको छ।

महादेव-खिम्ती-अञ्जना-रुजन जेभीले निर्माणको जिम्मा लिएको रावाबेँसी गाउँपालिकामा निर्माण हुने दश शयूयाको अस्पताल अहिले घडेरी सम्याउने काममात्र पूरा भएको पाइएको छ। भ्याडबाहेक रु छ करोड ७० लाख लागतमा सम्पन्न अस्पतालको लागि आवश्यक सामग्री ल्याइसकिएकाले निर्माणको कामलाई तीव्रता दिने तयारी भइरहेको केठेदार कम्पनीका प्रतिनिधि ध्रुवकुमार श्रेष्ठले जानकारी दिनुभयो।

उता साकेला गाउँपालिका-२ रतन्छामा भ्याटसहित रु छ करोड ७६ लाख ७६ हजार ४५५ मा पाँच शयूयाको अस्पताल निर्माण हुँदै छ। खानी निर्माण सेवा बानेश्वर काठमाडौंले निर्माणको जिम्मा लिएको अस्पतालको अहिले डिपिसी गरेर पिल्लर राख्ने काम शुरु भएको गाउँपालिकाका प्रमुख इन्जिनियर आशिष राईले जानकारी दिनुभयो।

दुई नगरपालिका र आठ गाउँपालिका रहेको जिल्लामा यस वर्ष तीन स्थानीय तहमा अस्पताल निर्माणको योजना स्वीकृत भएको छ। हरेक स्थानीय तहमा कम्तिमा पाँच शयूयाको अस्पताल निर्माण गर्ने सरकारको नीति अनुसार बराहपोखरी, दिप्रुङ चुइचुम्मा र खोटेहाङ गाउँपालिकामा यस वर्षमात्रै योजना परेको हो।

दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको केन्द्र तथा जिल्लाको प्रमुख व्यापारिक केन्द्र दिक्तेल बजारमा यसअघि नै १५ शयूयाको सरकारी जिल्ला अस्पताल सञ्चालनमा थियो। उनन्तीस वर्षसम्म १५ शयूयामा सञ्चालन हुँदै आएको जिल्लाको एकमात्र सरकारी अस्पताललाई अहिले ५० शयूयामा स्तरोन्नति गर्ने काम भइरहेको अस्पताल विकास तथा व्यवस्थापन समितिका अध्यक्ष एवम् जिल्ला समन्वय समिति खोटाङका प्रमुख बबि चाम्लिङले जानकारी दिनुभयो।

## जिल्लावासी सम्पूर्णमा अनुरोध

पानीका मुहानहरु सफा राखौं, स्वस्थ्य रहौं, सुखी बनौं । खाना खानुअघि र पछि साबुन पानीले राम्ररी हात धोऔं, पिउने पानी सुद्धिकरण गरेर मात्र पिऔं । आफ्नो घर वरपर सफा राख्नु हामी सबैको दायित्व हो, त्यसैले आफ्नो घर तथा गाउँटोल सफा राखौं सभ्य नागरिकको भूमिका निर्वाह गरौं ।

खानेपानी तथा सरसफाई डिभिजन कार्यालय
खोटाङ, दिक्तेल

## रावा बेसी गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
हरमटार, खोटाङ

**शिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

(प्रथम पटक प्रकाशन मिति : २०७८/११/२७ गते)

यस कार्यालयबाट चालू आर्थिक वर्ष २०७८/०७९ को स्वीकृत कार्यक्रम बमोजिम निम्नानुसारको कार्य गराउनु पर्ने भएकोले इच्छुक नेपाली निर्माण व्यवसायीहरुबाट उल्लेखित शर्तहरुको अधिनमा रहि रीत पूर्वकको शिलबन्दी दरभाउपत्र पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. ईच्छुक दरभाउपत्र दाताहरुले रु. १,०००। (फिर्ता नहुने गरी) रावा बेसी गाउँकार्यपालिकाको कार्यालयमा नगदै वा गाउँपालिका कार्यालयको राष्ट्रिय वाणिज्य बैंक, दिक्तेल स्थित **आन्तरिक राजश्व खाता नं.** २०६०१००३०१०१०००७ मा जम्मा गरेको भौचर साथमा बोलपत्र दाताको व्यवसाय नवीकरण भएको ईजाजत पत्र, आय कर तथा मूल्य अभिबृद्धिकर दर्ता प्रमाणपत्र र आ.व. २०७७/०७८ सम्म कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु पेश गरी रावा बेसी गाउँकार्यपालिकाको कार्यालय, हरमटार, खोटाङबाट यो सूचना प्रकाशित मितिले १५ औं दिन कार्यालय समय भित्र खरिद गर्न सकिनेछ ।
२. खरिद गरेको दरभाउपत्र शिलबन्दी लाहाछाप गरी खामको बाहिरी भागमा कामको विवरण, ठेक्का नम्बर, फर्मको नाम र ठेगाना स्पष्ट खुलाई कार्यालयलाई संबोधन गरी १६ औं दिन १२:०० बजे भित्रमा यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ। दर्ता भएका दरभाउपत्ररु सोही दिनको २:०० बजे कार्यालयका प्रतिनिधिहरु र दरभाउपत्र दाता वा निजको प्रतिनिधीहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ । दरभाउपत्र दाता वा निजको प्रतिनिधिहरुको उपस्थिती नभएमा पनि दरभाउपत्र खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन ।
३. दरभाउपत्र खरिद गर्ने, दर्ता गर्ने वा खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन उल्लेखित कार्यहरु गरिनेछ।
४. दरभाउपत्रसाथ तोकिए बमोजिमको दरभाउपत्र जमानत रकम यस कार्यालयको कार्यालयको राष्ट्रिय वाणिज्य बैंक, दिक्तेल स्थित धरौटी खाता नं. २०६०१००३०३००००७ मा जम्मा गरेको सक्कल भौचर वा कम्तिमा दरभाउपत्र दाखिला हुने अन्तिम मितिले ७५ दिन म्याद भएको मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको सक्कल दरभाउपत्र जमानत संलग्न गर्नु पर्नेछ।
५. दरभाउपत्र दाताले ब दरभाउपत्रमा दररेट भर्दा मुल्य अभिवृद्धि कर बाहेकको दररेट उल्लेख गर्नु पर्नेछ । BOQ मा उल्लेख गरेको दररेट अङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट भएको ठाउँमा शिलबन्दी दरभाउपत्र दाताको स्पष्टसँग सहिछाप भएको हुनु पर्नेछ।
६. एक फर्मको नामबाट खरिद भएको शिलबन्दी दरभाउपत्र अर्को फर्मको नामबाट दर्ता गर्न पाइने छैन।
७. कुनै कारण जनाई वा नजनाई दरभाउपत्र आंशिक वा पूर्ण रुपमा स्वीकृत गर्ने वा नगर्ने एवं सूचना रद्द गर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ।
८. दरभाउपत्र सम्वन्धी अन्य कुनै कुरा बुझ्नु पर्ने भएमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ।
९. दरभाउपत्र सम्वन्धी अन्य काम कारवाही सार्वजनिक खरिद ऐन तथा सार्वजनिक खरिद नियमावली र अन्य प्रचलित कानून बमोजिम हुनेछ।

तपशिल :

तपशिल

| सि.नं. | ठेक्का नम्बर | कामको विवरण | लागतअङ्क (भ्याट सहित)रु | धरौटी रकम रु. | फारम दस्तुर रु |
|---|---|---|---|---|---|
| १ | १४/रावा बेसी/२०७८/७९ | पलिका स्तरीय सभाहल तथा आवास रिटनिङ वाल निर्माण | १६५७४७३।६३ | ४७,०००। | १,०००। |
| २ | १५/रावा बेसी/२०७८/७९ | कुभिण्डे सडक ग्राभेल तथा सोलिङ | ९६५०००।२७ | २७०००। | १०००। |

प्रमुख प्रशासकीय अधिकृत